# लम्कीचुहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भल्का, कैलाली
## सुदूरपश्चिम प्रदेश

**सामाजिक परिचालक (सहायक चौथो) पदको प्रतियोगितात्मक लिखित परिक्षाको लागि पाठ्यक्रम**

पाठ्यक्रमको रुप रेखा : यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा लिईने छ ।

क. प्रथम चरण :- लिखित परीक्षा (Written Examination) पूर्णाङ्क :- १००

ख. अन्तर्वार्ता (Interview) पूर्णाङ्क :- २५

### परीक्षा योजना (Examination Scheme)

**प्रथम चरण : लिखित परीक्षा योजना (Examination Scheme)**

| विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न सङ्ख्या * अङ्कभार | समय |
|---|---|---|---|---|---|
| सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण | १०० | ४० | वस्तुगत बहुवैकल्पिक (Multiple Choice) | ५० प्रश्न *२ अङ्क = १०० | ४५ मिनेट |

**द्धितीय चरण :- अन्तर्वार्ता (Interview)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| सेवा सम्बन्धी | २५ | मौखिक |

**द्रस्टव्य :**

१ लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

| पाठ्यक्रम इकाई | १.१ | १.२ | १.३ | १.४ | १.५ | १.६ | १.७ | १.८ | २.१ | २.२ | २.३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रश्न सङ्ख्या | ४ | ५ | ४ | ६ | ४ | ४ | ३ | ५ | ५ | ५ | ५ |

२ यथासम्भव पाठ्यक्रमका सबै इकाईबाट प्रश्न सोधिने छन ।

३ वस्तुगत बहुवैकल्पिक प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

४ बहुवैकल्पिक प्रश्न हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन ।

५ यस पाठ्यक्रममा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका ऐन, नियमहरु, परीक्षाको मितिभन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

६ प्रथम चरणको लिखित परिक्षाबाट छनौट भएका उम्मेद्वारलाई मात्र द्धितीय चरणको अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

७ पाठ्यक्रम लागु हुने मिति :- २०८१।१०।१२

सुषमा महता के.सी.
प्रमुख प्रशासकीय अधिकृत

## विषय-सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण

### १. सामान्य ज्ञान (३५ प्रश्न*२ = ७० अंक)

१.१ नेपालको भूगोल भौगोलिक अवस्था, धरातलीय स्वरुप र प्राकृतिक सम्पदा (जलस्रोत, जीवजन्तु, वनस्पति, माटो, खनिज पदार्थ, पहाड)

१.२ नेपालको इतिहास (प्राचीन कालदेखि हालसम्म)

१.२.१ किराँतकाल, लिच्छविकाल र मध्यकाल, सामाजिक, सांस्कृतिक, आर्थिक एवं राजनीतिक अवस्था

१.२.२ आधुनिक इतिहास (नेपालको एकीकरण देखि हालसम्म राजनीतिक घटनाक्रम, सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था

१.३ नेपालको सामाजिक अवस्था, परम्परा, मूल्य र मान्यता, धर्म, जातजाति, भाषाभाषी, संस्कृति, कला, साहित्य, संगीत, सांस्कृतिक सम्पदा र आर्थिक अवस्था (कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, संचार, विकास योजना। सम्बन्धी जानकारी

१.४ मानव जीवनमा प्रत्यक्ष प्रभाव पार्ने विज्ञानका प्रमुख आविष्कार र नविनतम गतिविधिहरु

१.५ पर्यावरण, जैविक विविधता, दिगो विकास, जलवायु परिर्वतन, वातावरण व्यवस्थापन, प्रदूषण, जनसंख्या, शहरीकरण, वसोवास (बसाईसराई), गरीबी, स्वास्थ्य, रोग, खाद्य र पोषण सम्बन्धी जानकारी

१.६ नेपालको शासनपद्धति र सरकार संविधान, राजनीतिक व्यवस्था, संघ, प्रदेश र स्थानीय तह

१.७ संयुक्त राष्ट्रसंघ, सार्क र बिम्स्टेक सम्बन्धी जानकारी

१.८ राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, खेलकूद, पुस्तक, पुरस्कार, कला, साहित्य, संगीत सम्बन्धी राष्ट्रिय र अन्तराष्ट्रिय महत्वका समसामयिक गतिविधिहरु

### २. सामान्य बौद्धिक परीक्षण (१५ प्रश्न*२ = ३० अंक)

२.१ शाव्दिक तार्किक चार्तुयता परीक्षणमा बोध, शब्दज्ञान, अनुक्रम, समरुपता, वर्गीकरण, कोडिङ-डिकोडिङ, दिशा र दुरी ज्ञान परीक्षण, तर्क विचार सम्बन्धी, श्रेणीक्रम (पंक्तिक्रम), आगमन (induction), निगमन (deduction) विषयवस्तुबाट प्रश्नहरु समावेश गरिनेछ।

२.२ मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षणमा अनुक्रम (श्रेणीक्रम), समरुपता, वर्गीकरण, कोडिङ, छोडिएका संख्या (अक्षर/संकेत) मिलाउने, साझा गुण, मेट्रिक्स, तथ्यांक व्याख्या, तथ्यांक जांच (रुजु), अंक गणितीय तर्क क्रिया सम्बन्धी विषयवस्तुबाट प्रश्नहरु समावेश गरिनेछ।

२.३ अशाब्दिक तार्किक परीक्षणमा अनुक्रम, समरुपता, एकरुपता, वर्गीकरण, चित्रात्मक विश्लेषणात्मक तर्क सम्बन्धी, भेन चित्र, मेट्रिक्स, त्रिभुज र वर्गहरुको रचना, चित्र वा आकृति बनावट र विश्लेषण विषयवस्तुबाट प्रश्नहरु समावेश गरिनेछ।

सुषमा महता के.सी.
प्रमुख प्रशासकीय अधिकृत